सन्‌राइज बैंक लिमिटेड
SUNRISE BANK LIMITED
Class "A" Institution Licensed by Nepal Rastra Bank

नेपाल स्टक एक्सचेञ्ज लि.
दर्ता नं.: १८८६
मितिः ९।४

*पत्र संख्या : एसआरबिएल/सियस/२३/२०७५/०७६*

मितिः २०७५/०९/०४

**श्रीमान महाप्रबन्धकज्यू**
**नेपाल स्टक एक्सचेञ्ज लिमिटेड**
**सिंहदरवार, काठमाण्डौं ।**

**बिषयः साधारण सभा बस्ने जानकारी सम्वन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा सन्‌राइज बैंक लिमिटेडको मिति २०७५ साल पौष २ गते बसेको संचालक समितिको ३०४औं बैठकको निर्णयानुसार बैंकको **एघारौं वार्षिक साधारण** सभा निम्न प्रस्ताव उपर छलफल तथा निर्णय गर्न निम्न लिखित मिति, स्थान र समयमा बस्ने भएको ब्यहोरा जानकारीको लागि अनुरोध गरिन्छ । साथै साधारण सभा प्रयोजनको लागि मिति २०७५ पौष १२ गते एक दिन बैंकको शेयर दाखिल खारेज दर्ता बन्द (Book Close) रहने ब्यहोरा समेत अनुरोध छ ।

**सभा हुने मिति, स्थान र समयः**

मिति : बि.स.२०७५ साल पौष २९ गते (तदनुसार ई. सं. १३ जनवरी २०१९) आइतबार ।
स्थान : अमृतभोग क्याटरर्स, कालिकास्थान, काठमाण्डौं ।
समय : बिहान १०:०० बजे बाट ।

**भवदीय,**

.........................
(ईश्वर कुमार पाठक)
कम्पनी सचिव

**पुनश्चः साधारण सभामा हुने छलफलका विषयहरु संलग्न बमोजिम रहने छन ।**

सन्राइज बैंक लिमिटेड
**SUNRISE BANK LIMITED**
Class "A" Institution Licensed by Nepal Rastra Bank

**एघारौं वार्षिक साधारण सभामा हुने छलफलका विषयहरू:**

**क. सामान्य प्रस्ताव:**

१. एघारौं वार्षिक साधारण सभाका लागि आर्थिक वर्ष २०७४/०७५ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७५ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त भएको आ.व. २०७४/०७५ को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण छलफल गरी पारित गर्ने ।

३. यस बैंकको सहायक कम्पनी सन्राइज क्यापिटल लिमिटडेको आ.व.२०७४/७५ को वित्तीय विवरण सहितको एकीकृत (Consolidated) वित्तीय विवरण छलफल गरी पारित गर्ने ।

४. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार बैंकको लेखा परीक्षण गर्न लेखापरीक्षण समितिको सिफारिस अनुसार आ.व. २०७५/०७६ का लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तथा नियुक्तिको शर्त तोक्ने । (वर्तमान लेखा परीक्षक चार्टर्ड एकाउण्टेण्ट श्री पुष्पलाल श्रेष्ठ ( पि.एल.श्रेष्ठ एण्ड कम्पनी) पुन: नियुक्तिका लागि योग्य हुनुहुन्छ) ।

५. संचालक समितिले प्रस्ताव गरे बमोजिम बैंकको हालको चुक्ता पूँजीको ११.५० प्रतिशतको दरले नगद लाभांश रु. ९३,७५,४३,९२२/८७ (अक्षरेपी त्रियानब्वे करोड पचहत्तर लाख त्रिचालीस हजार नौ सय बाईस रुपैयाँ सतासी पैसा मात्र) (लाभांश कर लाग्ने भएमा सो सहित) वितरण गर्न स्वीकृत गर्ने ।

६. संस्थापक शेयरधनी समुह "क" को तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने ३ जना र सर्वसाधारण समुह "ख" को तर्फबाट प्रतिनिधित्व गर्ने ३ जना सहित कूल ६ जना सञ्चालकहरुको निर्वाचन गर्ने ।

**ख. विशेष प्रस्ताव:**

१. सम्बन्धित निकायको स्वीकृति लिई बैंक आफैं वा सहायक कम्पनी मार्फत शेयर ब्रोकरेज सम्बन्धी कार्य गर्ने व्यवस्था समावेश गरी प्रबन्धपत्रमा संशोधन गर्ने ।

२. बैंकको प्रबन्धपत्र/नियमावलीमा पारित गरिएको संशोधन प्रस्तावमा नियमनकारी निकायवाट (जस्तै: कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल राष्ट्र बैंक आदि) कुनै फेरबदल, थपघट गर्न निर्देशन वा सुझाव भएमा सोही बमोजिम गर्न सञ्चालक समिति वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रत्यायोजन गर्ने ।

३. बैंकले आ.व. २०७४/०७५ मा संस्थागत सामाजिक उत्तरदायित्व वहन गर्ने क्रममा आर्थिक सहायता प्रदान गर्दा कम्पनी ऐन, २०६३ को दफा १०५ को उपदफा १ को खण्ड (ग) ले निर्धारण गरेको सीमा नाघेको हुँदा सो अन्तर्गत भएको खर्च रु. ६३,१८,६९४।३४ (अक्षरेपी त्रिसट्ठी लाख अठार हजार छ सय चौरानब्वे रुपैंया चौतिस पैसा मात्र) अनुमोदन गर्ने ।

**ग. विविध:**